# बेलदमार सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

प.सं. : ०८२।०८३ | मिति : २०८२।०६।२८

विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !

(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०६।२८)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८१/०८२ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रमा कटान गरिएका रुखहरुबाट उत्पादन भई जि.व.पै.आ.समिति, अर्घाखाँचीलाई सालको गोलिया काठ छुट्राई बाँकी घाटगद्धीमा राखिएका तपसिल बमोजिमका गोलिया काठ र दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियावाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ औ दिन कार्यालय समय भित्र बोलपत्र खरीद गरी २२ औ दिन दिउस ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ४५० मिति २०८२।०६।२४ गतेको लिलाम सहमति बमोजिम प्रथम पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 01/082/083 | आ.व. ०८०।०८१ मा पुनरुत्पादन कटान तफको प्राड़ नं. १, २ र ४ काठ, दाउरा | साल | A | १० | १३३.४८ | १२५० | १६६८५० | २८२,४४२ | |
| | | साल | B | ३५ | ३२०.५९ | ९०० | २८८५३१ | | |
| | | साल | C | १११ | ४८६.०६ | ६०० | २९१६३६ | | |
| | | साल | D | २२ | ४८.६८ | ३०० | १४६०४ | | |
| | | असना | A | १३ | २१६.१२ | ४०० | ८६४४८ | | |
| | | असना | B | १७ | १६६.७० | ३०० | ५००१० | | |
| | | असना | C | १७ | १००.३५ | १०० | १००३५ | | |
| | | जामुन | B | १ | १२.५१ | ३०० | ३७५३ | | |
| | | जामुन | C | ४ | २४.९० | १०० | २४९० | | |
| | | हर्रो | N | ९ | ३६.८३ | २०० | ७३६६ | | |
| | | बाँझी | N | ८ | ४०.५२ | १०० | ४०५२ | | |
| | | साल दाउरा | | | ३.७५ | 12000 | ४५००० | १००,७५० | |
| | | अन्य दाउरा | | | २.७५ | 4000 | ११००० | | |
| जम्मा | | | | | | | ९८१७७५ | ३८३,१९२ | |

२. वोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८२/०७/१७ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८२/०७/१८ गते दिउसो ३.०० बजेसम्म ।

३. वोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयवाट प्रति टेण्डर फाराम वापतको रु. १,०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

# बेलदमार सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

४. शिलवन्दी वोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक लि, सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१००००२६१५००१ खातामा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस समूहको नाममा खिचिएको वैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको वैंक जमानत समावेश गर्नु पर्ने छ ।

५. लिलाम विक्री हुने वन पैदावार सम्वन्धित घाटगट्टी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८२।०७।२१ गते दिन विहान ११:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन वमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विक्री नभएको वा वोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको वोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, वोलपत्र उपर कारवाही हुनेछैन ।

११. वोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी वेलदमार सा.व.उ.स.को काठ दाउरा लिलाम सम्वन्धि शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनु पर्ने छ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित निति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८२ साल असोज महिनाको २८ गते रोज ०३ मा शुभम् ......................।